# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।१०।२३ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला धनुषा, शहिदनगर नगरपालिकाबाट रकम विनियोजित गरेर नयाँ कृषि सडक निर्माण कार्यमा रकम निकासा भएकोमा उक्त रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला धनुषा, शहिदनगर नगरपालिकाले आ.व. २०७४/०७५ मा शहिदनगर नगरपालिका वडा नं. ८ स्थित विसरभोरा नहरदेखि गोठ कोयलपुर सीमासम्म कृषि सडक निर्माण गर्दा फिल्डमा भएको कामभन्दा बढी काम गरेको भनी गलत नापी किताब र कार्यसम्पन्न प्रतिवेदन तयार पारी उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको र लागत इस्टिमेट र कार्यसम्झौता अनुसार काम गर्ने भनिएतापनि लागत बढाई, बढाउन लगाई बढी भुक्तानी दिने र लिने काम गरी रु.२,१२,८१६।२३ बराबरको सरकारी रकम हानिनोक्सानी गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले उक्त भ्रष्टाचार कसूरमा संलग्न देहायबमोजिमका प्रतिवादीहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः-**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन नगर प्रमुख उदय कुमार बरबरिया यादव, उपप्रमुख शिलादेवी कापरी, तत्कालीन लेखा समितिका संयोजक जैसिलाल भिनवार यादव र सुशासन समितिका संयोजक कन्हैया मुखिया | शहिदनगर नगरपालिका, धनुषा | रु.२,१२,८१६।२३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं कार्य सम्झौता विपरीत भएको कामलाई सही देखाई गलत अनुगमन प्रतिवेदन तयार पारी भुक्तानीको लागि सिफारिस गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको मागदावी लिइएको छ। |
| २. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राम किशोर महतो, इन्जिनियर संजय यादव, वडा नं. ८ का वडा अध्यक्ष तनुकलाल कुसियत, | शहिदनगर नगरपालिका धनुषा | रु.२,१२,८१६।२३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन एवं फिल्डमा नभएको कामलाई समेत भएको भनी कम कामलाई बढी काम भएको देखाई र कार्य सम्झौताविपरीत भएको |

| | | | | |
|---|---|---|---|---|
| | योजना शाखा प्रमुख विन्देश्वर यादव | | | कामलाई गलत नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अन्तिम बिलमा राखी बढी भुक्तानी दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेतको मागदावी लिइएको छ। |
| ३. | तत्कालीन आर्थिक प्रशासन प्रमुख नन्द कुमार झा | शहिदनगर नगरपालिका धनुषा | रु.२,१२,८१६।२३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (३) बमोजिम सजायको मागदाबी लिइएको छ। |
| ४. | उपभोक्ता समितिका अध्यक्ष कारी चमार, कोषाध्यक्ष रेखाकुमारी र सचिव मुकेश लखनदे यादव | शहिदनगर नगरपालिका वडा नं. ८ स्थित विसरभोरा नहरदेखि गोठकोयलपुर सीमासम्म कृषि सडक निर्माण उपभोक्ता समिति | रु.२,१२,८१६।२३ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत गर्ने गरी मागदाबी लिइएको छ। |

प्रवक्ता
श्याम प्रसाद भण्डारी